02/08/2025

National News

<u>प्रमुख समाचार</u>

- प्रधानमन्त्रीद्वारा किसान सम्मान निधिको बिसौं किस्त जारी
- सिक्किममा भारत रणभूमि दर्शन योजनाअन्तर्गत छोला र डोकलाम घरेलू पर्यटकका लागि खोल्ने तयारी
- मन्त्रीद्वय भूपेन्द्र यादव र मनोहर लालद्वारा मातृ वन पहलको शुभारम्भ
- कुलगाम जिल्लाको अखल देवसरमा सुरक्षाबलसितको झड़पमा दुई आतंकवादी मारिए
- चमोली जिल्लाको हेलंगमा विष्णुगाड़ पीपलकोटी जलविद्युत परियोजनाको बाँध स्थलमा पहिरो

## PM-Kisan installment

प्रधानमन्त्री नरेन्द्र मोदीले आज वाराणसीबाट किसान सम्मान निधिको बिसौं किस्त जारी गर्नुभयो अनि देशभरि नौं करोड़ सत्तरी लाखभन्दा अधिक किसानहरूको ब्याङ्क खातामा बीस हजार पाँच सय करोड़ रूपियाँ जमा गरियो। श्री मोदीले यस अवसरमा वाराणसीमा लगभग बाहीस सय करोड़ रूपियाँको लागतका बाहुनवटा विकास परियोजनाहरूको शिलान्यास र शुभारम्भ गर्नुभयो।

प्रधानमन्त्रीले एउटा जनसभालाई सम्बोधन गर्दै काशीसित आफ्नो विशेष जुड़ाउ रहेको बताउनुभयो। उहाँले भन्नुभयो, अपरेशन सिन्दूरको सफलतापछि उहाँ पहिलोपल्ट काशी आउनुभएको हो अनि बाबा विश्वनाथको कृपाले भारतले पहलगाम आक्रमणका पीड़ितहरूलाई न्याय दिलाएको छ। प्रधानमन्त्रीले अपरेशन सिन्दूरको सफलतालाई बाबा विश्वनाथ समक्ष समर्पित गर्नुभयो। उहाँले भन्नुभयो, एक सय चालीस करोड़ मानिसहरूको एकता र शक्तिको परिणामस्वरूप अपरेशन सिन्दूर सफल भयो।

श्री मोदीले विपक्षको आलोचना गर्दै भन्नुभयो, यो नयाँ भारत हो र अपरेशन सिन्दूरअवधि शारा विश्वले आत्मनिर्भर भारतको शक्ति देखेको छ। उहाँले भन्नुभयो, आगामी दिनहरूमा उत्तर प्रदेशमा बनिएको ब्रह्मोस मिसाइल र हथियारले देशका दुश्मनहरूलाई मेटाउनेछन्।

प्रधानमन्त्रीले अघि भन्नुभयो, PM किसान सम्मान निधि किसानहरूको कल्याणका लागि सरकारको प्रतिबद्धताको एउटा उदाहरण हो। श्री मोदीले आफ्नो सरकारले विगत एक दशकमा किसानहरूको प्रत्येक समस्या समाधानका लागि पूरा मेहेनतका साथ कार्य गरेको बताउनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, PM किसान सम्मान निधिअन्तर्गत अहिलेसम्ममा किसानहरूको खातामा तीन लाख पचहतर हजार करोड़ रूपियाँ जमा गरिसकिएको छ। यसमध्ये नब्बे हजार करोड़ रूपियाँ उत्तर प्रदेशका अड़ाई करोड़ किसानहरूलाई अनि त्यसबाट नौ सय करोड़ रूपियाँ काशीका किसानहरूलाई दिइएको छ।

--------------------------------------X--------------------------------------

PM Kumaraswagami

प्रधानमन्त्री नरेन्द्र मोदीले आज इलेक्ट्र्िक मोबिलिटी, हरित प्रौद्योगिकी र आत्मनिर्भर विनिर्माणमाथि ध्यान केन्द्रित गर्दै भारतको औद्योगिक परिदृश्यलाई आकार दिने तरिकामाथि एउटा लेख साझा गर्नुभयो। केन्द्रिय मन्त्री HD कुमारस्वामीको एउटा पोस्टको जवाफमा प्रधानमन्त्रीले यसमाथि प्रकाश पार्नुभयो कि लक्षित योजना र सार्वजनिक-निजी भागीदारीले देशको औद्योगिक परिदृश्यलाई परिवर्तन गरिरहेछ।

--------------------------------------X--------------------------------------

Sikkim – Ranabhumi Darshan

सिक्किममा केन्द्र सरकारको भारत रणभूमि दर्शन योजनाअन्तर्गत छो ला र डोकलाम क्षेत्र, घरेलू पर्यटकहरूका लागि खोल्ने तयारी गरिँदैछ। आधिकारिक सूत्रले पुष्टि गरेको छ कि डोकलाम, छोला र नथुला, राज्यमा युद्धक्षेत्र पर्यटन सर्किटका लागि चिन्हित स्थलहरूमा समावेश छन्।

नथुला पहिलैदेखि एउटा लोकप्रिय पर्यटन स्थल हो, तथापि अन्य स्थानहरूलाई सेना र सम्बन्धित निकायहरूको परामर्शमा विकसित गरिँदैछ। यस वर्ष सितम्बरको अन्तसम्ममा पर्यटकहरूको स्वागतका लागि तयारी पूरा हुनेछ। वाहन बिसौनी, प्रतीक्षालय र क्याफेटेरिया जस्ता आधारभूत सुविधाहरू यहाँ उपलब्ध गराइँदैछ।

भारतीय तथा चीनी सैनिकहरूबीच आठ वर्षको गतिरोधपछि, डोकलामलाई पर्यटकहरूका लागि खोलिनेछ। य ो लगभग चौध हजार फीटको ऊँचाईमा अनि राजधानी गान्तोकदेखि लगभग सत्तरी किलोमीटर टाड़ोमा अवस्थित छ।

--------------------------------------X--------------------------------------

## Mother Forest

पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादव तथा आवासन एवं शहरी कार्य मन्त्री मनोहर लालले आज गुरुग्राममा मातृ वन पहलको शुभारम्भ गर्नुभयो। यो पहल अरावली पर्वतीय क्षेत्रमा सात सय पचास ऐकरमा फैलिएको थीम-आधारित शहरी वन हो।

श्री मनोहर लालले यस अवसरमा आफ्नो सम्बोधनमा भन्नुभयो, कार्बन उत्सर्जन मानव जातिका लागि सबैभन्दा ठूलो वैश्विक चुनौती बनेको छ। उहाँले यस चुनौतीको सामना गर्न कार्बन क्याप्चर तकनिकको उपयोग गर्नको बदलीमा वनको कटाई रोक्न, अधिकभन्दा अधिक विरूवा लगाउने परम्परा अपनाउन र वन मित्र बन्न नागरिकहरूलाई प्रोत्साहित गर्नुभयो। श्री मनोहर लालले भन्नुभयो, गुरुग्राम जस्तो महानगरले हरित भवन, वन्यजीव सफारीको माध्यमबाट पर्यावरण-पर्यटन अनि थीम-आधारित जैव विविधता पार्क जस्ता अग्रणी पहलबाट अरूका निम्ति एउटा उदाहरण बन्नुपर्छ।

यस अवसरमा श्री भूपेन्द्र यादवले भन्नुभयो, मातृ वनको हरित आवरणले दिल्ली-NCR भरिका लागि हृदय र फोक्सोको काम गर्नेछ। उहाँले भन्नुभयो, यो परियोजनाले युवा र वरिष्ठ नागरिकसहित आम जनतालाई स्वस्थ तथा तनावमुक्त जीवन जीउन शान्त वातावरण प्रदान गर्नेछ।

--------------------------------------X--------------------------------------

## J&K Encounter

जम्मू-कश्मीरमा कुलगाम जिल्लाको अखल देवसर क्षेत्रमा सुरक्षाबलसितको झड़पमा दुईजना आतंकवादी मारिए। पुलिसले बताएअनुसार यस स्थानमा आतंकवादीहरू रहेको जानकारीको आधारमा सेना, जम्मू-कश्मीर पुलिस र CRPF-ले संयुक्त अभियान शुरू गरेको थियो। वरिष्ठ पुलिस अधिकारीले बताएअनुसार हिजो साँझ सम्पर्क स्थापित भयो अनि अबेर राती एकजना आतंकवादी मारियो। पुलिस अधिकारीले भन्नुभयो कि अँध्यारोका कारण चालू अभियान अस्थायी रूपमा रोकिएको थियो अनि आज बिहान पुनः शुरू गरियो। यसपछि भएको झड़पमा आज एकजना आतंकवादी मारियो। यस स्थानमा खोजी अभियान जारी छ।

--------------------------------------X--------------------------------------

## Chamoli Landslide

उत्तराखण्डमा आज चमोली जिल्लाको हेलंगमा THDC-द्वारा निर्मित विष्णुगाड़ पीपलकोटी जलविद्युत परियोजनाको बाँध स्थलमा पहिरो गयो। जिल्ला अधिकारी सन्दीप तिवारीले भन्नुभयो, परियोजना स्थलमा कसैको पनि ज्यान गएको सूचना छैन। उहाँले भन्नुभयो, घटनामा घाइते भएका आठजनाको अस्पतालमा उपचार चलिरहेछ, जसमध्ये गम्भीर रूपमा घाइते एकजनालाई मेडिकल कलेज श्रीनगर रेफर गरिएको छ। जिल्ला अधिकारीले भन्नुभयो, THDC-लाई श्रमिकहरूको सुरक्षा सुनिश्चित गरेपछि काम शुरू गर्ने निर्देश दिइएको छ।

--------------------------------------X--------------------------------------

## Delhi CM meeting

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आगामी दिल्ली विधानसभा सत्रलाई ध्यानमा राख्दै आज दिल्ली सचिवालयमा विधायक दलको बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा सरकारको प्राथमिकता र जनहितसित जोड़िएका मुद्दामाथि विस्तृत चर्चा भयो। पछि मिडियासितको कुराकानीमा श्रीमती गुप्ताले भन्नुभयो, यसपल्टको सत्र पूर्णरूपले कागज रहित सत्र हुनेछ, जुन दिल्ली विधानसभाको इतिहासमा एउटा नयाँ अध्याय जोड़िनेछ। श्रीमती गुप्ताले यो परिवर्तनले आफ्नो सरकारको तकनिक आधारित पारदर्शिता र दक्षताप्रति प्रतिबद्धतालाई दर्शाउने बताउनुभयो।

पछि मुख्यमन्त्री श्रीमती गुप्ताले शहरको सुल्तानपुरीस्थित दिल्ली विकास प्राधिकरणको दिल्ली शहरी आश्रय सुधार बोर्ड फ्ल्याट साइट A-3-को निरीक्षण गर्नुभयो। यसअवधि उहाँको साथमा दिल्ली सरकारमा मन्त्री आशीष सूद र स्थानीय सांसद योगेन्द्र चान्दोलिया हुनुहुन्थ्यो। निरीक्षणपछि पत्रकारहरूसित कुराकानी गर्दै मुख्यमन्त्रीले भन्नुभयो, वर्ष 2011-देखि तयार यो फ्ल्याट्स अरबौं रूपियाँको लागतमा झुग्गीवासीहरूका लागि बनाइएको थियो, तर पूर्वको सरकारको उदासीनता र दुर्भावनापूर्ण नीतिका कारण वर्षौंसम्म रोकिएको थियो।

--------------------------------------X--------------------------------------

## India Airbus C-295

भारतलाई स्पेनबाट सोल्ह एयरबस C-295 सैन्य परिवहन विमानको अन्तिम खेप प्राप्त भएको छ। यी विमान आज स्पेनको सेभिलमा भारतीय राजदूत दिनेश K पटनायक र भारतीय वायु सेनाका वरिष्ठ अधिकारीहरूको उपस्थितिमा सुम्पियो। म्याड्रिडमा भारतीय दूतावासले पुष्टि गरेको छ कि यो निर्धारित समयभन्दा दुई महिनाअघि प्रदान गरिएको छ। स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेज र श्री नरेन्द्र मोदीले अक्टोबर 2024-मा गुजरातको वडोदरामा टाटा एयरक्राफ्ट कम्प्लेक्सको उदघाटन गर्नुभएको थियो, जहाँ चालीस अतिरिक्त C-295 विमानहरूको निर्माण गरिनेछ। यस कार्यक्रमअन्तर्गत कुल छप्पनवटा विमानको आपूर्ति गरिनेछ।

--------------------------------------X--------------------------------------

## Test Cricket

लन्दनको द ओवलमा एन्डरसन-तेन्दुलकर ट्रफीको पाँचौं तथा अन्तिम क्रिकेट टेस्ट खेलको तेस्रो दिन भारतले आज आयोजक इङ्लेण्ड विरूद्ध आफ्नो दोस्रो पारीमा पाँच विकेट गुमाएर दुई सय तेहीस रनको बढ़त बनाएको छ। भारतले हिजो दोस्रो दिनको खेल समाप्त हुँदासम्ममा दुई विकेटमा पचहतर रन बनाएर बाहुन रनको बढ़त बनाएको थियो। यस प्रतियोगिताको पाँटवटा खेलको अहिलेसम्ममा भारतले एउटा र इङ्लेण्डले दुईवटामा जित दर्ता गरेको छ भने एउटा बराबरीमा समाप्त भएको छ।

--------------------------------------X--------------------------------------